**Tribhuvan University Journal**
**Vol. 37, No. 1: 125-139, June, 2022**
**Research Directorate, Tribhuvan University (TU),**
**Kathmandu, Nepal**
**DOI:** https://doi.org/10.3126/tuj.v37i1.48300

# *मोटेल अमेरिका* उपन्यासमा आप्रवासी चेतना

## *शालिकराम पौड्याल*

*उपप्राध्यापक, बुटवल बहुमुखी क्याम्पस, त्रिवि, बुटवल ।*
*इमेल : shalik.paudyal@bumc.tu.edu.np*

## लेखसार

मोटेल अमेरिका राजवद्वारा रचिएको आप्रवासी चेतना भएको उपन्यास हो । प्रस्तुत उपन्यासमा आप्रवासी अर्थात् डायस्पोराका केकस्ता प्रवृत्तिहरू रहेका छन् भन्ने मूल प्राज्ञिक समस्यामा केन्द्रित रही त्यसका मुख्य प्रवृत्तिहरूको निरूपण गर्ने काम यस लेखमा गरिएको छ । विदेशी भूमिमा बसेर नेपालको थातथलो, नेपाली संस्कृति, भाषा, जीवनपद्धति आदिको नोस्टाल्जियामा रचेका उपन्यासमा आप्रवासी चेतना हुने र यस्ता साहित्यमा जन्मभूमि र इच्छित भूमि, विभाजित मानसिकता, अल्पसङ्ख्यक तथा सीमान्तीकृत हुनुको पीडा, परदेशीय हुनुको रोमाञ्च र चिन्ता, अस्तित्वबोधका लागि एक सूत्रताको खोजी, अतीतमोह, ऐकान्तिकताको चिन्तन तथा संस्कृति भञ्जनको पीडाजस्ता विशेषता आप्रवासी वा डायस्पोरिक साहित्यमा पाइन्छन् । प्रस्तुत उपन्यासमा अमेरिकामा रहेका नेपालीहरूले भोग्नुपरेका दुःख, पीडा, अन्योल, एक्लोपन र अनिश्चितताको अभिव्यक्ति भएको छ । अमेरिकी भूमिमा भोगेका सङ्घर्ष र पीडाका अनुभूतिहरू र परिवार, इष्टमित्र, छिमेकी, साथी-सङ्गीसँग आत्मीय सम्बन्धहरूको विशाल तरङ्ग नै यस उपन्यासको विषयवस्तु बनेर आएको कुराको विश्लेषण गरिएको छ । तसर्थ यस लेखमा *मोटेल अमेरिका* उपन्यासलाई यिनै विविध आधारमा विश्लेषण गरी आप्रवासी चेतनाका दृष्टिले सफल रहेको उपन्यासका रूपमा निष्कर्ष दिइएको छ ।

**शब्दकुञ्जी :** आप्रवासी, इच्छित भूमि, सीमान्तीकृत, ऐकान्तिकता, संस्कृति भञ्जन ।

## विषयपरिचय

राजवको *मोटेल अमेरिका* (२०६७) उपन्यासको आप्रवासी चेतनाको अध्ययन प्रस्तुत लेखमा गरिएको छ । यस उपन्यासमा विदेशमा कामको खोजीमा गएका मानिसहरूले भोगेका दुःख, एक्लोपन र अनिश्चितताको कथा रहेको पाइन्छ । साथै आफ्नो देशका आत्मीयजनसँग बिछोडिनु परेको गहिरो पीडा र भयको प्रस्तुति रहेको छ । राजवको *मोटेल अमेरिका* चर्चित आप्रवासी वा डायस्पोरिक उपन्यास हो । नेपाली अमेरिकी आप्रवासीहरूले भोग्नुपरेका दुःख, पीडा, अन्योल, एक्लोपन, अनिश्चयतालाई प्रमुखताका साथ चित्रण गरिएको

यस उपन्यासले भौगोलिक भिन्नता, अभिरुचिगत भिन्नता, सामाजिक सांस्कृतिक भिन्नता र ऐकान्तिक अनुभवगत प्रभावका कारण आप्रवासी जीवनले पूर्णता पाउन नसक्ने कुरालाई दर्साएको छ । मूलत : आप्रवासी वा डायस्पोरिक जीवनमा देखापर्ने द्वैध भूमिको चिन्ता, द्वैध मानसिकता, ऐकान्तिकता भय अनिश्चितता, असुरक्षा, पीडा, अतीतमोह आदिलाई प्रमुखताका साथ चित्रण गरिएको प्रस्तुत उपन्यासमा आप्रवासी जीवनको चित्रण गरिएको छ। राजवको *मोटेल अमेरिका* उपन्यासमा आप्रवासी साहित्यका केकस्ता प्रवृत्तिहरू रहेका छन् भन्ने मूल समस्यामा केन्द्रित भई आप्रवासी वा डायस्पोरिक उपन्यासका मुख्य प्रवृत्तिहरूको निरूपण नै यस लेखको मूल उद्देश्य हो ।

## अध्ययनविधि

प्रस्तुत लेखमा आवश्यक सामग्री प्राथमिक र द्वितीयक स्रोतबाट लिइएको छ । प्राथमिक स्रोतको सामग्रीका रूपमा राजवको *मोटेल अमेरिका* उपन्यासलाई लिइएको छ भने द्वितीयक स्रोतको सामग्रीका रूपमा उक्त उपन्यासका बारेमा गरिएका विभिन्न अध्ययन तथा समीक्षा एवम् आप्रवासीको सिद्धान्तका बारेमा गरिएका अध्ययनलाई लिइएको छ । यसमा दुवै प्रकृतिका सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । यस उपन्यासमा रहेको आप्रवासी चिन्तनको अध्ययन विश्लेषणका लागि आप्रवासी अर्थात् डायस्पोराको सिद्धान्तलाई अवलम्बन गरिएको छ । साथै यस लेखमा विवेच्य कृतिको सूक्ष्म पठन गरी आवश्यक साक्ष्यका आधारमा कृतिमा निहित आप्रवासी चिन्तनको विश्लेषण गरी अर्थापन गरिएको छ ।

### सैद्धान्तिक आधार

आप्रवासी अङ्ग्रेजी शब्द डायस्पोराका लागि नेपालीमा प्रयुक्त शब्द हो। 'डायस्पोरा' ग्रिसेली भाषाबाट आएको अङ्ग्रेजी शब्द हो । ग्रिसेली 'डाया' र 'स्पिरो' को संयोगबाट डायस्पोरा शब्द निष्पन्न भएको हो। यसमा 'डाया' को अर्थ देखि, बाट हो भने 'स्पिरो' अर्थ फिँजारिनु हो (गौतम २०६४, पृ.२८०)। बन्दी जीवनबाट मुक्त भएका र प्यालेस्टाइन छाडेर चारैतिर छरिएका यहुदीहरूलाई उसबेला डायस्पोरा भनियो । मूलतः गृहभूमिबाट विचलित भई अन्यत्र छरिएर रहेका यहुदीहरूलाई जनाउन डायस्पोरा शब्दको जन्म भएको अनुमान गरिए पनि भाषिक दृष्टिले डायस्पोरा शब्दको अर्थविस्तार भएको पाइन्छ। कुनै पनि मुलुकका नागरिक विश्वका जुनसुकै मुलुकमा गएर आफ्नो स्पष्ट पहिचानसहितको समुदाय निर्माण गरी स्थायी रूपले बसोबास गर्ने व्यक्तिहरूलाई आप्रवासी भनिन्छ (लुइटेल २०७८, चैत्र ६)। डायस्पोराको शाब्दिक अर्थ भाषा, संस्कृति वा मानिसको फिँजाइ हो र यसले एक स्थानमा केन्द्रित र स्थापित मान्छे तथा तिनको भाषा संस्कृति फैलिएर जानु भन्ने अर्थ दिन्छ (एटम २०६७, पृ.३०)। डायस्पोरा शब्दको नेपाली समानार्थी शब्दका रूपमा निर्वासन, विकीर्णन, विस्थापन, प्रवास, आप्रवासजस्ता विभिन्न शब्द प्रयोग गर्न सकिने स्थिति रहेको छ। यीमध्ये

डायस्पोरा/डायस्पोरिकका लागि आप्रवास/आप्रवासी शब्द प्रयोग गर्नु उपयुक्त देखिन्छ (लुइटेल सन् २०१५, अक्टोबर १२) । डायस्पोरा वा आप्रवासी भनेको आफ्नो जन्मभूमि परित्याग गरी अन्य भूमिमा बसोबास गर्ने समुदाय हो । गृहभूमिबाट विस्थापित भई अन्यत्र बास बनाएको मनुष्य समुदाय डायस्पोरा हो र यसका अन्यत्र गई बसोबास गर्ने मानिसहरू, त्यस्ता मानिसको बस्ती र त्यसरी बसेका मान्छेका अवस्था तथा अनुभव नै डायस्पोरा हो (गौतम २०६४, पृ.२८०) । नौलो परिवेशमा रहेर आफूले भोगेका अनुभवलाई साहित्यमा व्यक्त गरिएको हुन्छ । यही बाहिरी परिस्थितिको बसाइलाई डायस्पोरा भनिन्छ भने त्यही परिवेशका अनुभूतिलाई अभिव्यक्त गरिएको साहित्य डायस्पोरिक साहित्य हो (भट्टराई २०६४ क, पृ.१७८) । आफू जन्मेर हुर्केको ठाउँ छोडेर अरूको देश गएपछि मातृभूमि, मातृभाषा, संस्कृति, रहनसहन, चाडपर्व, परम्परा, धर्म आदिलाई पूर्ण रूपमा भुल्न नसक्दा र नयाँ आतिथ्य भूमिका भाषा, संस्कृति, रहनसहन, चाडपर्व, परम्परा, धर्म आदिमा पनि पूर्ण रूपमा जोडिन नसक्दाका स्थितिमा डायस्पोराको निर्माण हुन जान्छ (अधिकारी सन् २०२०, अगस्ट १२) । विभिन्न कारणले विदेशी मुलुकमा रही मानसिक रूपमा नेपाली र भौतिक रुपमा आप्रवासी भएका मानिसहरूको भोगाइ, अनुभूति र परिवेश आदिको चित्रण भएको साहित्य डायस्पोरिक साहित्य हो र यस्तो साहित्यको समालोचना नै डायस्पोरिक समालोचना हो (गौतम २०६६, पृ.५३) । आफ्नो ठाउँ, थलो छाडेर अर्काको ठाउँमा गएर बस्नु पर्ने बाध्यात्मक परिस्थितिले निर्माण गरेको जीवनलाई हेर्ने दृष्टिकोण डायस्पोराभित्र पर्दछ ।

नेपाली डायस्पोराले प्रवासमा गर्नु परेका विभिन्न परिस्थितिको सामनालाई उनीहरूले डायस्पोरिक साहित्यमा विभिन्न भावनाद्वारा व्यक्त गरेको पाइन्छ । विभिन्न कारणवश विदेशी भूमिमा धेरै समयसम्म रहेका नेपालीहरू मानसिक रूपमा नेपाली र भौतिक रूपमा विदेशी भएका हुन्छन् र उनीहरूका देखाइ, भोगाइ, अनुभूति परिवेश आदि प्रतिबिम्बित भएको साहित्य नै डायस्पोरिक साहित्य हो (गौतम २०६६, पृ. ५३) । डायस्पोरिक साहित्य मात्र होइन, संस्कृति, राजनीति र अन्य पक्षको चित्रण पनि त्यहाँ हुन सक्दछ (कट्टेल २०६८, पृ.१०) । डायस्पोराको सम्बन्ध भय, चिन्ता, अपरिचितता र अन्त्यमा भङ्कर असुरक्षा-चेतनाजस्ता अभिघातसँग (भट्टराई २०६४ ख, पृ.च) हुन्छ । परिचयहीनता, अपरिचय, संस्कृति भ्रंश, क्षय, मिश्रण नागरिक हुनु डायस्पोराको पीडा मानिन्छ । पुरानो घरको यादले सताउनु, द्वैधचेतना र अनिश्चिततामा बाँधिनु, मातृभूमिमा फर्किने चाह, विस्थापित भएको ठाउँको पुनः प्राप्तिको चाहना, नयाँ राष्ट्रमा बसेपनि मूल राष्ट्रबाट अस्त हुन नचाहनुको पीडा डायस्पोरिक साहित्यका विशेषता हुन् (सुवेदी, २०७८) । अन्तर्राष्ट्रिय बसाइँसराइको सामान्यीकरण तथा राज्यद्वारा खेलिएको कमजोर भूमिकाअनुरूप डायस्पोराको विकास संसारभरि भएको हो भन्ने तर्कले डायस्पोराको निर्माण र विकासमा विश्वव्यापीकरणको भूमिका स्पष्ट रहेको देखिन्छ (ब्रुनो सन् २०१०, पृ.३५) । विछोडिनुको कारण, जन्मभूमिसँगको सम्बन्ध, नयाँ भूमिसँगको सम्बन्ध, डायस्पोरिक समुदायको

अन्तर्सम्बन्ध र विभिन्न प्रकारका डायस्पोराको तुलनात्मक अध्ययन डायस्पोरिक अध्ययनका पक्षहरू हुन् (बुटलर सन् २००१, पृ.१९५) । बाह्य संस्कृतिसित अनुकूलन भए पनि नेपाली संस्कृति, भाषा आदिलाई सम्पर्क सूत्रका रूपमा अपनाउनु, नेपाली समाजबाट विच्छिन्नताको मानसिक चिन्ता र मूलधारले अस्वीकार गरेको अनुभूत गर्नु, नेपाली भाषा, संस्कृति, कला आदिको प्रबर्द्धन गर्न तथा नेपाली जातीय पहिचान जोगाउन एक सूत्रतामा बाँध्नु, सामूहिक रूपमा सक्रियतापूर्वक लाग्नुजस्ता प्रवृत्ति नेपाली डायस्पोरिक चेतना हो (एटम २०७०, पृ.२३) । यसर्थ डायस्पोरा भनेको विभिन्न परिस्थितिका कारणबाट छुट्टिएका टेरिटोरियल निष्काशित वा निर्वासितहरूको एउटा अन्तर्राष्ट्रिय समुदाय वा जातिलाई मानिन्छ ।

आप्रवासी अर्थात् डायस्पोरिक साहित्यमा आप्रवासीका पीडा अभिसिञ्चित रहेको पाइन्छ भने यस्तो साहित्यमा बढी विदेसिएका जनसङ्ख्या र तिनका संस्कृतिको अध्ययन गरिएको पाइन्छ । आफ्नो परिचय हराएका, मानसिक रूपमा निर्वासित तर असुरक्षा र भयबाट त्रसित मौलिक संस्कृति बेगर छट्पटाइरहेका, तिर्खाएका, भोकाएका, बासको टुङ्गो नपाएका, आश्रित, अनाश्रित, अस्तित्वबोध र विसङ्गतिबोध बोकेर, काम पाएर, काम नपाएर व्यर्थको जीवन गुजारिरहेकाहरूको विषयमाथि आलेख गरेका रचनाहरू नै डायस्पोरिक साहित्यभित्र पर्दछन् (कट्टेल २०६८, पृ.१०) । गृहभूमिका कथा, उपकथा, संस्कृति आदिले डायस्पोरा जीवनलाई एकातिर घच्घचाइरहेका हुन्छन् भने अर्कातिर आतिथेय भूभागले उनीहरूलाई आफ्नो संस्कृतिमा रँगाउन खोजिरहेको पाइन्छ । डायस्पोरिक संस्कृति एक प्रकारको विलयन र अधिमिश्रण भएकाले डायस्पोरिक समालोचना गर्दा कृतिले सङ्केत गरेका भिन्न जगत्, पात्र र परिवेशको अध्ययन मुख्य कुरा मानिन्छन् (भट्टराई २०६८, पृ.९३) । साहित्यमा सक्रिय डायस्पोरिक लेखनद्वारा रचिएका स्थान, पात्र, समस्या र दृष्टिकोणको प्रस्तुतिलाई समग्रमा डायस्पोरिक चेतना भनिन्छ । तसर्थ डायस्पोरिक वा आप्रवासी चेतना भएको उपन्यासलाई विश्लेषण गर्नका लागि पुर्ख्यौली भूमि र इच्छित भूमि, विभाजित मानसिकता, अल्पसङ्ख्यक तथा सीमान्तीकृत हुनुको पीडा, परदेशीय हुनुको रोमाञ्च र चिन्ता, अस्तित्वबोधका लागि एक सूत्रताको खोजी, अतीतमोह, ऐकान्तिकताको चिन्तन तथा, संस्कृति भञ्जनको पीडा जस्ता आधारलाई अपनाउनु जरुरी देखिन्छ ।

## विश्लेषण र परिणाम

प्रस्तुत लेखमा उपन्यासकार राजवको *मोटेल अमेरिका* उपन्यासको डायस्पोरिक चेतनाको अध्ययन विश्लेषण गरिएको छ । यो उपन्यास प्रवासी आख्यानको प्रस्तुतीकरणका दृष्टिले सफल छ । नेपाली औपन्यासिक क्षेत्रमा डायस्पोरिक जीवन-सन्दर्भलाई समेटेर परम्परित साहित्य लेखनभन्दा भिन्न रूपमा सिर्जना गरिएको डायस्पोरिक उपन्यास *मोटेल अमेरिका* विश्लेषणका निमित्त जन्मभूमि/पुर्ख्यौली भूमि र इच्छित भूमि, विभाजित मानसिकता, अल्पसङ्ख्यक तथा सीमान्तीकृत हुनुको पीडा, परदेशीय हुनुको रोमाञ्च र

चिन्ता, अस्तित्वबोधका लागि एक सूत्रताको खोजी, अतीतमोह, ऐकान्तिकताको चिन्तन तथा संस्कृति भञ्जनको पीडा आदिलाई आधार बनाइएको छ ।

## पुर्ख्यौली भूमि र इच्छित भूमिको चित्रण

डायस्पोरिक अध्ययनमा पुर्ख्यौली भूमि र इच्छित भूमिको अवस्था र त्यस भूमिमा पात्रले भोग्नु परेका बाध्यता, पीडा र विभिन्न समस्याहरूको अध्ययन गरिन्छ । *मोटेल अमेरिका* उपन्यास पुर्ख्यौली भूमि नेपाल र इच्छित भूमि अमेरिकाको चित्रणमा आधारित छ । यस उपन्यासमा नायक रामको पुर्ख्यौली भूमि नेपालको काठमाडौँ, परोपकार भीमसेन स्थान रहेको छ भने इच्छित भूमि अमेरिका रहेको छ । रामले अमेरिकालाई स्वर्ग र नेपालको काठमाडौँलाई नरक भनेको छ । स्वर्गमा कमाएर नरकमा सुख भोग गर्ने लालसाले नै रामलाई पुर्ख्यौली भूमि नेपाल छाडेर इच्छित भूमि अमेरिकामा जस्तोसुकै दुःख गरेर भए पनि बस्न मन लागेको देखिन्छ ।

*मोटेल अमेरिका* उपन्यासको नायक रामले नेपाल र अमेरिकाको बिचमा शरीर र आत्मालाई बाँडेर बाँचेको छ । *मोटेल अमेरिका* उपन्यासको नायक रामको पुर्ख्यौली भूमि नेपाल हो । उसले इच्छित भूमिमा जानुपर्ने बाध्यता पछाडि आफन्त र छिमेकीको घोचपेच, पारिवारिक दायित्व, सामाजिक प्रतिष्ठा र रोजगारीको समस्या प्रमुख रहेका छन् । पुर्ख्यौली भूमि छोडेर इच्छित भूमिमा बसे पनि पुर्ख्यौली भूमिको सम्झना गरिरहेको छ । यस उपन्यासले अमेरिकामा बसोबास गरेका नेपालीले भोगेका समस्यालाई देखाएको छ (अधिकारी २०७४, पृ.५५) । यी समस्या पूरा गर्न राम इच्छित भूमि अमेरिका पुग्दछ । उसले अमेरिकामा ज्यादै कष्टकर जीवन बिताएको छ । यसमा प्रमुख पात्र राम नेपाल र अमेरिकामा दुवै स्थानमा बस्दा बेरोजगारका कारण पीडा भोग्नुपरेको कुरा प्रस्तुत गरिएको छ (न्यौपाने सन् २०२१, पृ.७६) । यस उपन्यासमा इच्छित भूमि र पूर्ख्यौली भूमिको चित्रण सफलतापूर्वक गरिएको पाइन्छ । यस उपन्यासमा पुर्ख्यौली भूमिका रूपमा नेपालका विभिन्न स्थानहरू जस्तै : कालीमाटी, पोखरा, बाग्लुङ, स्वयम्भू, हिमालयन होटेल, वसन्तपुर, टुँडिखेल भने इच्छित भूमिका रूपमा अमेरिकाका विभिन्न स्थानहरू जस्तै : बोस्टन, लिङ्कन पार्क, ब्राइटन, न्यूयोर्क, अलमोन्ड टाउन, जेम्स पार्क, बोस्टन युनिभर्सिटी आदि विभिन्न स्थानको उल्लेख भएको छ ।

## विभाजित मानसिकताको चित्रण

डायस्पोरिक साहित्यमा आएका पात्रहरू मानसिकरूपले निर्वासित हुन्छन् । डायस्पोरामा बाँच्ने मानिसको यथार्थ भूमि मात्र नभई मानसिकता पनि विभाजित अवस्थामा रहेको हुन्छ (एटम २०६७, पृ.३३) । विभाजित मानसिकतालाई द्वैध मानसिकता पनि भनिएको पाइन्छ । *मोटेल अमेरिका* उपन्यासमा रामको विभाजित मानसिकतालाई केलाउने काम सफल रूपमा गरिएको छ । उपन्यासको प्रमुख पात्र रामको मानसिकता नेपाल र अमेरिका

दुई स्थानमा विभाजित छ । राम आफ्ना बाबु-आमा, साथीसँगिनी र आफ्नो प्यारो पुर्ख्यौली भूमिलाई माया मारेर प्रवासिएको छ । ऊ मुटुभरि नेपालको माया भए पनि अमेरिका जस्तो विशाल भूमिमा बाँच्न बाध्य छ । राम अमेरिकामा साथी मिनारको कोठामा बेकारी र लाचार भएर बस्दा उसलाई अपरिचयताको भावले छोप्दै गएको छ । ऊ आफूलाई नितान्त एक्लो भएको महसुस गर्दछ । ऊ हरक्षण मनोद्वन्द्वमा रहन्छ । ऊ द्वैध मानसिकताबाट ग्रसित रहेको देखिन्छ ।

अमेरिका जस्तो वैभवशाली मुलुकमा पुग्दा पनि रामले सुख-शान्ति प्राप्त गर्न सकिरहेको छैन । ऊ हरपल द्वैध मानसिकताबाट ग्रसित रहन्छ । रामको मन विभाजित अवस्थामा रहेको छ तसर्थ ऊ अमेरिकामा रहेर पनि कल्पनामा नेपाल पुग्दछ । हिँड्दा, काम गर्दा हरेक क्षण ऊ नेपालकै घटनामा कल्पनामा हराउँछ, जस्तै :

> त्यो ब्रेकमा उसलाई बाउको सम्झना आइरहेको थियो । ऊ सोच्दै थियो- 'दुई हप्ताको तलब जम्मा गरेर पहिले बाउलाई पठाइहाल्छु । त्यसपछि फेरि अर्को दुई हप्ताको जम्मा गरेर पठाउँछु, बाउको मन धेरै आत्तिइरहेको होला । बुढालाई के थाहा आठ-आठ महिना मैले यहाँ के कसरी बिताएँ भन्ने कुरा' । (पृ.५८)

जीवनका उतार-चढाव, समस्या र सङ्घर्षका कारण राम दोहोरो मानसिकताबाट प्रताडित रहेको छ । ऊ द्वैध चरित्र र विभाजित मानसिकताका कारण छट्पटी र बेचैनीको जीवन बाँचेको छ । यस उपन्यासमा राम बाह्य द्वन्द्वबाट भन्दा आन्तरिक द्वन्द्वबाट पीडित रहेको छ । लिङ्कन पार्कमा बस्दा उसको मनमा अनेक मनोद्वन्द्वले सताइरहेको छ, जस्तै :

> ऊ मनमनै त्यस्तै बरबराइरहेको थियो । पार्कमा अन्य कतिपय मानिसहरू पनि एक्लै बरबराइरहेको देखिन्थे । उसलाई लाग्थ्यो, ती बरबराउने सबसँग घोर पीडा छ । आफ्ना पीडाले ती विक्षिप्त भइसकेका हुन सक्छन् । यहीँ प्रसङ्गमा आफ्ना बारे पनि ऊ सोच्थ्यो- 'तर म त्यस्तो विक्षिप्त भइसकेको छैन, मेरो पीडा मेरो बसमा छ, पीडा बसमा राख्न नसक्ने मात्र विक्षिप्त हुन्छन तर म' । (पृ.१७)

राम आफ्नो परिवारसँग भिन्न बस्नु परेकामा चिन्तित रहेको छ । यो व्यथाले साथी मिनारलाई पनि सताएको छ । राम र मिनारको तन जति अमेरिकामा र मन नेपालमा भएको छ । यसरी तन र मन एकै ठाउँमा नभएर विभाजित भएको देखिन्छ । त्यही कारणले नै मिनार रातभरि बरबराउने र रुने गरेको छ । जस्तै :

> अब एक घण्टा रुने छ गधा' मनमनै भन्दै उसले आफ्नू हातको न्युयोर्क टाइम्स पर हुर्‍याएको थियो । सुरुमा बिस्तार रून थाल्यो मिनार । त्यसपछि उसको रुवाइको राग बिस्तार चर्किन थाल्यो । त्यस रात पनि मिनारको रुवाइ त्यही क्रममा चर्कन थालेको थियो । त्यस कारण उसले मिनारलाई घचघच्याएको थियो । र, मिनारको रुवाइ रोकिएको थियो । त्यो रात मिनार धेरै पटक रोएको

> थियो । र, उसले मिनारलाई धेरै पटक त्यसै गरी घचघच्याएको थियो । यसरी घचघच्याएपछि मिनारको रुवाइ एकछिन बन्द हुन्थ्यो । (पृ.११)

यस उपन्यासका डायस्पोरिक पात्र राम र मिनारमा विचलित मानसिकता देखिन्छ । यिनीहरू विभाजित मानसिकताका कारण सुखी रहन सकेका छैनन् । द्वैध मानसिकताबाट प्रताडित हुनु र मनोद्वन्द्वमा हराउनु यिनीहरूको विशेषता बनेको छ ।

## अल्पसङ्ख्यक तथा सीमान्तीकृत हुनुको पीडाको चित्रण

डायस्पोराहरू पुर्ख्यौली भूमिलाई परित्याग गरी भिन्न भाषा, भिन्न संस्कृति भएको इच्छित भूमिमा बसोबास गर्ने समुदाय भएकाले उनीहरू सो भूमिमा अल्पसङ्ख्यकका रूपमा रहेका हुन्छन् । आफ्नो जातिको प्रभुत्व नहुनु र इच्छित भूमिका मूल जातिहरूबाट हेपिनुपर्ने भएका कारण उनीहरू अल्पसङ्ख्यक तथा सीमान्तीकृत हुनुको पीडाले सताइएका हुन्छन् । *मोटेल अमेरिका* उपन्यासमा प्रमुख पात्र रामले मूल थलो नेपाल छाडी इच्छित भूमि अमेरिकामा जीवन निर्वाह गर्ने क्रममा गर्नुपरेका सङ्घर्ष, झेल्नुपरेको दुःख र अल्पसङ्ख्यक रहेका कारण खप्नुपरेका पीडाहरूको वर्णन पाइन्छ । पुर्ख्यौली भूमि नेपाल छाडी राम सुखद सपना बोकेर अमेरिका पुगेको छ । नेपालमा रहँदा अमेरिकामा पुग्नासाथ डलर र यश-आराम पाइन्छ भन्ने सपना देखेको रामले अमेरिका पुगेर सस्तो कामदारका रूपमा कठिन कार्यहरू गरेको छ तर उचित पारिश्रमिक पाएको छैन । उसले नेपाल सम्झेर अल्पसङ्ख्यक तथा सीमान्तीकृत हुनुको पीडा बोध गरेको  छ । जस्तै :

> हरिन्दर पनि त्यसैले त म तँसँग खुसी छु भन्थ्यो । तर पच्चिस डलर पनि बढाउने सुर  गर्दैनथ्यो । अर्कोतिर ऊ घुर्क्याउन सक्ने स्थितिमा थिएन । किनभने तलब बढाइनस् भने म छोडछु भन्न सक्ने ह्याउमा थिएन ऊ । त्यसकारण हरिन्दरले हुन्छ छोड भन्यो भने के गर्ने भन्ने डरले ऊ चुमुर्किरहन्थ्यो । र, सोच्थ्यो विकल्पबिनाको मान्छे कायर, काँतर हुन्छ, म पनि त्यै हुँ कायर, काँतर र हरिन्दारको दास । (पृ.८८)

आफू अल्पसङ्ख्यक भएकै कारण कसैलाई नचिनेको र दिनभर काम खोज्न जाँदासम्म एउटा काम पनि पाएको छैन । अमेरिकामा आएपछि केही न केही काम त पाइहालिन्छ भन्ने मानसिकता बनाएको रामले ठक्करबाहेक अरू केही पनि पाएको छैन । साथी मिनारको एउटा भर मात्र उसका लागि आशाको किरण भएको छ ।

रामले अमेरिकाका सेता मान्छेहरू ठुला घरमा बसेको र काला जातिका मानिसहरू कामदार भएको देखेको छ । सेता जातिका मानिसहरूले अल्पसङ्ख्यक तथा सीमान्तीकृत काला जातिका मानिसहरूलाई दबाएको, समान व्यवहार नगरेको पनि उसले देखेको छ । रामले आफू सीमान्तीकृत भएकै कारण पूर्णतः दबाइएको प्राणी भएको र अन्य सीमान्तीकृत मानिसहरू पनि दबिएरै बाँच्नु परेको अनुभव गरेको छ । आफू अल्पसङ्ख्यक भएका कारण

दैनिक आठ घण्टा काम गर्नु पर्नेमा पन्ध्र-सोह्र घण्टा काम गरेर पनि ओ.टी. को पैसा समेत नपाएको पीडा व्यक्त गरेको छ । यसरी सीमान्तीकृत भएकाले नै रामले जीवन धान्नको लागि बिना पारिश्रमिक ओ.टी. सम्म गर्नुपर्ने बाध्यता रहेको, पीडैपीडाको आहालमा डुब्दै र उत्रदै गरेको, अल्पसङ्ख्यक भएकै कारण बाबुको मृत्युको खबर पाएपछि मनभित्र परेको चोटलाई सुनाउने व्यक्ति समेत उसले नभेटेको, मनभित्र बुबाको मृत्यु शोकलाई पिएर दिनरात काम गर्नु परेकोजस्ता सन्दर्भबाट अल्पसङ्ख्यक तथा सीमान्तीकृत रहनुको पीडाको चित्रण सजीव रूपमा गरिएको छ ।

## परदेशीय हुनुको आनन्द र चिन्ताको चित्रण

परदेशीय हुनुको आनन्द र चिन्ता आप्रवासी वा डायस्पोरिक साहित्यको विशेषता हो । परदेशमा पुगेर डलरको परिकल्पनामा डुब्दै गगनचुम्बी भवन, महङ्गा कार र विदेशीका रहनसहनमा आफूलाई डुबाउनु रोमाञ्च हो भने भोकभोकै बस्नु पर्ने बाध्यता, एक्लोपन विरक्ति, हीनताबोध, रिक्तता, त्रासद जीवन डायस्पोराहरूमा पाइने चिन्ता हुन् । *मोटेल अमेरिका* उपन्यासमा मुख्य पात्र राम जन्मभूमि नेपाल छाडेर अमेरिकामा परदेशीय भएर बसेको छ । परदेशीय भएर बस्नुपर्दा राममा रोमाञ्चक र चिन्ता दुवै रहेको देखिन्छ । अमेरिका छिरेको आठ महिनामा हरिन्दारको मोटेलमा काम पाएर कमाउन थालेपछि रामले दुःखका दिन गएर सुखका दिन आउने कल्पना गरेको थियो । उसले जागिर गरेको पाँच महिनामा चार पटक डलर पठाइसकेको थियो । तर, उसको घर परिवारको समस्या भने कम भएको थिएन, जस्तै :

> उसको बाउ छिटो ऋण तिरेर मुक्त हुन चाहन्थ्यो । त्यस कारण उसको बाउ प्रत्येक पटक उसले पठाएको रकम पाएपछि फोनमा उसलाई भन्थ्यो- “अलि धेरैधेरै पठाउने गर बाबू ।” अनि ऊ भन्थ्यो- “ऋण मात्र हैन बुबा, अब घरजग्गा जोड्ने नै पैसा पठाउँछु । अर्को महिनादेखि दुई-दुई हजारको दरले डलर पठाउँछु बुबा” । (पृ.७६)

*मोटेल अमेरिका* उपन्यासमा राम नेपालबाट परदेशीय भई अमेरिकामा कष्टपूर्ण रूपमा जीवन बिताइरहेको छ । यहाँ परदेशीय हुनुको रोमाञ्चभन्दा चिन्ता बढी रहेको पाइन्छ । नेपाली युवा पुस्ताले स्वदेश तथा परदेशमा भोल्नुपरेका समस्याहरूलाई चित्रण गरिएको छ (पौडेल, २०६८, पृ.४३) । यस उपन्यासको प्रमुख पात्र राम खुसीका क्षणहरूमा पनि रोमाञ्चित हुन सकेको छैन । ऊ हरक्षण चिन्तित नै रहेको छ । यसरी यस उपन्यासमा परदेशीय हुनुको रोमाञ्चभन्दा चिन्ता पक्षको सफल चित्रण गरिएको छ ।

## अस्तित्वबोधका लागि एक सूत्रताको खोजीको चित्रण

डायस्पोराहरू विविध सांस्कृतिक पृष्ठभूमि र भाषाभाषीबाट भए पनि तिनले बिरानो भूमिमा बलियो देखिनका लागि एक सूत्रता खोजेका हुन्छन् र त्यसैमार्फत् आफ्नो चिनारी समेत दिने गर्दछन् (एटम २०६७, पृ.३७) । प्रस्तुत *मोटेल अमेरिका* उपन्यासमा राम अमेरिका गएर डलर कमाउने सपनामा दिन-रात काम खोज्न हिँड्थ्यो तर काम भने पाएको थिएन । यस उपन्यासमा राम काम नपाउँदा विसङ्गतिबोधबाट ग्रसित भएका बेला पनि उसभित्र अस्तित्वको झिल्का रहेको आभास हुन्छ । यो कुरा मिनार र रामको वार्तालापबाट यसरी थाहा पाउन सकिन्छ । जस्तै :

> यसरी तैंले मलाई कतिन्जेल पाल्ने होस् ।" पूर्ववत् भित्रभित्रै ग्लानिले टन्न भरिएर उसले भनेको थियो ।
>
> "यस्तो कुरा नगर् भनेको हैन ?"
>
> "होऽऽ"
>
> "अनि..."
>
> "अगस्तमा त सियोर छ हैन ?"
>
> "भनिहालें नि अगस्तको तेस्रो हप्तामा तिनीहरू नेपाल जाँदै छन्, तिनको ठाउँमा तँलाई राखिहाल्छ, आज जुलाई बाइस हो अब कति नै दिन बाँकी नै छ र एक महिना त हो" । (पृ.२७)

रामले अमेरिकामा दिनको पन्ध्र घण्टा खटिएर काम गरेर आफ्नो अस्तित्वबोध गरे तापनि एक सूत्रताको कुनै प्रयास गरेको पाइँदैन । राम त्यस ठाउँमा गएपछि सात-आठ महिनासम्म पनि काम नपाउँदा मन-मस्तिष्कको बेचैनीलाई शान्त पार्न साँझपख प्रायः लिङ्कन पार्कमा जाने गर्छ । यसै क्रममा उसको भेट एउटी नेपाली शारदा दिदीसँग हुन्छ । उसले जागिर नपाएको कुरा शारदा दिदीले थाहा पाउँछिन् र उसलाई कतै जागिर पाएमा खबर गर्ने आश्वासन पनि दिन्छिन् । यसरी रामलाई शारदा दिदीले सहयोग गर्नु पनि एक सूत्रताको खोजी हो । जस्तै : "के गर्ने भाइ तपाईं मन्दीकै बेलामा आइपुग्नु भयो । तर पाइन्छ काम, मैले पनि केही मानिसलाई भनेकी छु, तिनले मलाई खबर गर्छन्" (पृ.४१) ।

रामले जीवन भोगाइको क्रममा जसरी भएपनि जुन दुःख गर्नु परे पनि काम गर्न खोज्नु अस्तित्वबोध हो भने मिनारले रामलाई आत्मीय मित्रको हैसियतले सहयोग गर्नु एक सूत्रताको खोजी हो । इन्डियन हरिन्दरले आफ्नो मोटेलमा रामलाई काम दिनु, मोटेल जाने क्रममा मिनारको अपार्टमेन्टमा नै रामलाई लिन आउनु र लैजानु, मोटेलमा पुगेपछि मोटेलको हिसाब-किताब तथा प्रशासनिक सम्बन्धी काम सिकाउनु, पाहुनाहरूको कम्प्युटरमा कसरी दर्ता गर्ने, ग्राहकहरूलाई साँचो कसरी चार्ज गरेर दिने, हाउस

किपरहरूको सरसफाइको निगरानी कसरी गर्ने आदि काम लगभग पाँच घण्टा बसेर सिकाउनु र रामले पनि यी सम्पूर्ण काम धैर्यपूर्वक सिक्नु अस्तित्वबोधभित्र पर्दछ भने हरिन्दर मालिकले राम्रोसँग रामलाई काम सिकाउनु एक सूत्रताको खोजीभित्र पर्दछ ।

## अतीतमोह/नोस्टाल्जियाको चित्रण

आफ्नो जन्मभूमिलाई छाडेर आप्रवासमा गएर बस्नु पर्दा डायस्पोरिक पात्रले त्यस स्थानलाई छाड्न पनि सकिरहेको हुँदैन भने त्यहाँ सन्तुष्ट पनि रहन सकेको हुँदैन । डायस्पोराको जीवनका निम्ति वर्तमान दुःखदायी, भविष्य कहाली लाग्दो हुन्छ भने अतीत स्वप्नवत् रहने भएकाले आनन्दमय रहन्छ । अतीतको यात्राले नै उसलाई डायस्पोरिक जीवनको पीडा र भयलाई बिर्सन सहयोग पुऱ्याउँछ । प्रस्तुत उपन्यासको पात्र राम सुखद-दुःखद हरक्षणमा आफ्ना पारिवारिक, बाल्यकालीन घटनाहरू सम्झन पुग्छ । रामको सुख-दुःखमा बाँच्ने आधार नै त्यही अतीतप्रतिको स्मरण रहेको छ । राम अमेरिकामा सुख-दुःख भएका अवस्थामा नेपालको सुख-दुःखका अनुभूतिहरू सम्झन पुग्दछ । काम नपाएर भौंतारिएर हताश भई हिँडेको राम दुःखको सामना गर्नुपर्दा बिगतका घटना सम्झन पुग्दछ । जस्तै :

> त्यस रात उसकी आमा रामलाई अत्यन्त विकल कुरिरहेकी थिइन् । छोरो आइपुग्ला र उसलाई भात खुवाएर सुतौँला भन्ने थियो उनलाई । तर छोरो मध्यरातसम्म घरभित्र पसेको थिएन । त्यस कारण ऊ त्यस बेलासम्म पनि झ्यालबाट बाहिर निर्निमेष अनेक शङ्का, आशङ्का बुन्दै टोलाइरहेकी थिइन् । उनी छोराको बेरोजगारी र लोग्नेको तनाबबाट निकै चिन्तित थिइन् । (पृ.८५-८६)

अमेरिकामा मोटेलमा हिसाब-किताब मिलाउदा, पाहुनाको कचकच सुन्दा, पाहुनालाई नास्ता र खाना तयार गर्दा, कोठाभित्रको सामान यतादेखि उतातिर सार्दा आदि कष्टदायी कामहरू गर्दा पनि अतीत स्मरणबाट राम आनन्दित रहेको छ । जस्तै :

> त्यसको केही दिनपछि छोरालाई उसले विस्तार सोधेको थियो- “कि पसल खोल्छस् बाबू ? यसै बस्नुभन्दा सानोतिनो पसल खोलेर आफ्नू व्यापार चलाउनु राम्रो, सानै पसल खोलेर काम गरे पनि माथि उठ्न सकिन्छ ।”
>
> जबाफमा ठस्स परेर उसले भनेको थियो- “विदेश जान्छु, बरू पैसा खोजिदिनोस् । प्रक्रिया चलाउँदै छु । (पृ. ८६)

अतीत मोह नै रामको उदासी, एकाकीपन र विरक्तिबाट मुक्ति भएर चैनको सास फेर्न र निरन्तर क्रियाशील पारिराख्न घचघच्याउने शक्ति रहेको छ । अतीत स्मरणबाट रामले आमाको काखको आनन्द, बुबाको अगाध मायाको आनन्द प्राप्त गरेको छ । बुबाको शेषपछि एकलौटी आमाको स्नेह प्राप्त गरेको छ । अमेरिकामा बाँच्ने सहारा नै अतीत मोह

रहेको छ । अतीतको यात्राले नै रामको डायस्पोरिक जीवनका भय र पीडालाई बिर्सन सहयोग पुऱ्याएको पाइन्छ । यसर्थ प्रस्तुत *मोटेल अमेरिका* उपन्यासमा अतीत मोहको चित्रण प्रमुखताका साथ गरेको देखिन्छ ।

## ऐकान्तिकताको चिन्तन

डायस्पोरिक पात्र मूल थलोबाट विस्थापित भएर अर्को भूमिमा बस्ने भएकाले ऊ आफ्नो भूमिबाट पलायन भएको हुन्छ । डायस्पोरिक पात्र मूल थलोको आफ्नो भौगोलिक ऐतिहासिक, सांस्कृतिक सम्बन्धहरूबाट विच्छेद हुँदै गएको हुन्छ र उसले आफूलाई नितान्त एक्लो महसुस गर्दछ (ओझा २०६६, पृ.९) । *मोटेल अमेरिका* उपन्यासमा प्रमुख पात्र रामको ऐकान्तिकताको चित्रण गरिएको छ । राम अमेरिका पुगेपछि काम र मामको लागि दिन-रात कुकुरझैँ भौँतारिदै थियो । यसरी जीवन सङ्घर्षपूर्ण भएको समयमा आफूलाई निकै एक्लोपन पाउँछ । दिनभरि कोठाभित्र बस्दा उसलाई दैनिकी पार गर्न पनि बढो मुस्किल भएको थियो । यसरी दिक्क भएर ऊ प्रायः जसो नजिकैको लिङ्कन पार्कमा जान्थ्यो । त्यहाँ सबै आआफ्नै चालढालमा नै व्यस्त देखिन्थे भने ऊ त्यहीँ भीडमा एक्लोपन महसुस गरी एउटा कुनामा बसिरहन्थ्यो । जस्तै :

> पार्कमा कतिपय मानिसहरू गफिँदै सुस्त हिँडिरहेका, कतिपय घाँस वा बेन्चमा बसेर मौन साधिरहेका हुन्थे । कतिपय आफ्ना कुकुर र आइमाईसँग आएका हुन्थे । केही आफ्ना कुकुर एक्लै खेलाइरहेका हुन्थे । जोडी मिलाएर आउने कतिपय जोडीजोडी लठारिने, घाँसमा बजारिने, ओठ चुस्ने र परस्परमा कुतकुत्याउने गरिरहेका हुन्थे । कतिपय घाँसमा उत्तानो परिरहेका हुन्थे । कतिपय घोप्टिरहेका हुन्थे । (पृ.४)

रामले अमेरिका पुगेको आठ महिनापछि मात्र इन्डियन तर अमेरिकाको पी.आर. पाएको हरिन्दरको मोटेलमा काम पाएको थियो । मोटेलमा पनि अरू कर्मचारीहरू एमा, मिचेल, डस्टी केन्ट, जेसिका, एन्जेलिका आदि थिए । तिनीहरूको आआफ्नै संसार थियो । प्रत्येकको आ-आफ्ना ब्वायफ्रेन्ड थिए तर राम नितान्त एक्लो थियो । न त उसको गर्लफ्रेन्ड, न त स्वास्नी, न त सारा परिवार । यसरी सङ्घर्षपूर्ण जीवन उसले बिताइरहेको थियो । घरपरिवारका लागि विदेसिएर आर्थिक आयआर्जनका माध्यमबाट जीवनलाई पूर्णता दिने प्रयास गरेको राम पारिवारिक सुखदुःखमा सामेल हुन नपाउँदा बेचैनसमेत रहेको थियो । बाबु मरेको खबर पाएपछि रामले अमेरिकामा सहानुभूति प्रकट गर्ने व्यक्ति पाएको छैन, उसलाई कसैले सान्त्वना दिएका छैनन् र उसले आफ्नो आँखामा आएको अश्रुधारालाई रोक्न विवश भएको छ अनि आफू बिरानो ठाउँमा एक्लो भएको अनुभव गरेको छ (न्यौपाने २०६९, पृ.७५) । एक उदाहरण :

> बाउको मृत्युको खबर फोनमा काकाको मुखबाट सुन्नेबित्तिकै उसको आँखाबाट भेल बग्न खोजेका थिए । त्यस बेला रातको एघार बजेको थियो । र, ऊ फ्रन्ट डेस्कको काममा थियो । त्यसकारण त्यो भेल रोक्न उसले आँखा फ्रन्ट डेस्कको सिलिङ मास्तिर फर्काउनुपरेको थियो । ऊ निकैबेर नचलमलाईकन पीडामग्न त्यहीँ मुद्रामा बसिरहेको थियो । त्यसरी निकैबेर आँखा सिलिङ मास्तिर नै फर्काइरहेर उसले सम्भावित आँसुको वेगलाई रोकेको थियो । (पृ.७७)

राम आफ्नो बाबु मर्दा समेत घरमा गएर बाबुको लासमाथि छाती पिटीपिटी रुन सकेको थिएन । आमालाई सान्त्वना दिन सकेको थिएन । छोरा भएर पनि पैसाका लागि बाध्य भएर त्यहीँ मोटेलमा बस्नुपरेको थियो ।

## संस्कृति भञ्जनको पीडाको चित्रण

डायस्पोराहरू आफ्नो पुर्ख्यौली संस्कृति, भौगोलिक, ऐतिहासिक विच्छिनताले गर्दा चिन्तित रहन्छन् । डायस्पोरिक पात्रमा आफ्नो संस्कृतिप्रतिको विच्छिन्नता र इच्छित भूमिको संस्कृति पूर्णतया वरण गर्न नसकेको अवस्थाको पीडित मनोदशाको डायस्पोरिक साहित्यमा चित्रण गर्ने गरिन्छ । संस्कृति भञ्जनको पीडालाई द्वैध सांस्कृतिक चेतना पनि भनिन्छ । *मोटेल अमेरिका* उपन्यासमा नायक राम संस्कृति भञ्जनको पीडाबाट पीडित छ । ऊ आफ्नो देशको भूगोल, कानुन र धर्मबाट विच्छेदित भएर अमेरिका जस्तो विकसित देशमा पुगेको छ । अमेरिकाका धर्म, कानुन, भूगोल र संस्कृति उसका लागि नयाँ र अपरिचित लाग्दछन् । ऊ अमेरिकामा पुगेर पनि देशको सपना देख्छ, घरको सपना देख्छ, संस्कृतिको सपना देख्छ तर आफूलाई आफ्नो देश, घर, संस्कृतिबाट विच्छिन्न भएको पाउँछ । अमेरिकामा विपरीत लिङ्गप्रतिको सम्बन्धमा कुनै छेकबार नभएको तथा विवाह र सम्बन्ध विच्छेद भन्ने कुरालाई त्यति ठूलो रूपमा नलिने संस्कार भएकामा रामलाई नेपाल र अमेरिकाको संस्कारमा आकाश-पाताल जतिकै फरक लागिरहेको छ । तिनीहरू आफ्नो कुरा सुनाएर रामलाई भन्दथे-तँ किन यहाँ गर्लफ्रेन्ड बनाउँदैनस् ? के तँलाई एक्लै बस्न मजा लाग्छ ? तँ एक्लै बस्न कसरी सकेको ? (पृ.७५) । एक दिन रामले जेसिकालाई तिमीहरूको लोग्ने-स्वास्नीको सम्बन्ध त कुकुर-कुकुर्नीको जस्तो हुँदो रहेछ भनेको थियो । एक उदाहरण :

> यस्तो कुरा सुनेपछि एक दिन जेसिकालाई उसले भनेको थियो-“स्वान सम्बन्ध हुँदो रहेछ तेरो ।”
>
> “किन ?”
>
> “किन अब कुकुर-कुकुर्नीको पनि सम्बन्ध त्यस्तै छोटो हुन्छ ।”
>
> “ओ नो...” उसले हाँस्दै भनेकी थिई । (पृ.७१)

रामले पूर्वीय संस्कृतिलाई पूर्णतः त्याग्न नसकेको र नयाँ पाश्चात्य संस्कृति पूर्णतः स्विकार्न नसकेको स्थितिलाई उपन्यासमा देखाइएको छ । आफ्नो पुरानो भाषा संस्कृतिलाई भुलेर भिन्न भाषा संस्कृतिमा आफूलाई समाहित गर्नु पर्दा राम संस्कृति भञ्जनको पीडालाई खपेर बाँचेको छ । यस उपन्यासमा नायक राम हरेक क्षण सांस्कृतिक भञ्जनको पीडाबाट ग्रसित रहेको छ ।

## निष्कर्ष

*मोटेल अमेरिका* राजवको एक चर्चित डायस्पोरिक उपन्यास हो । यो उपन्यास अमेरिकामा कामको खोजीमा गएका नेपालीहरूले भोग्नु परेका दुःख, पीडा, अन्योल, एक्लोपन, अनिश्चितताको कथाबाट अभिप्रेरित छ। उपन्यासको केन्द्रीय चरित्र राम अमेरिका पुगेर उसले त्यहाँ भोगेका सङ्घर्ष र पीडाका अनुभूतिहरू र परिवार, इष्टमित्र, छिमेकी, साथीसङ्गीसँग आत्मीय सम्बन्धहरूको विशाल तरङ्ग नै यस उपन्यासको विषयवस्तु बनेर आएको छ । यहाँ नायक रामका माध्यमबाट इच्छित भूमिमा जानुपर्ने बाध्यताका पछाडि आफन्त र छिमेकीका छेडपेच, साथी-सङ्गीको कटुवचन, पारिवारिक दायित्व, सामाजिक प्रतिष्ठा र बेरोजगारीको समस्या रहेका हुन्छन् भने इच्छित भूमिमा चाहेअनुरूपको जीवन व्यतीत गर्न नपाउँदा आप्रवासी व्यक्तिको मानसिकता विभाजित रहेको हुन्छ भन्ने देखाइएको छ । राम अमेरिकामा कामको सिलसिलामा पुगेको र त्यहाँ पन्ध्र घण्टासम्म गोरुझैँ जोतिनु परेको तथा कम तलब पाएकामा आवाज उठाउन नसक्ने स्थितिबाट सीमान्तीकृत र अल्पसङ्ख्यकका रूपमा रहेका नेपालीहरूको पीडाको उद्घाटन गरिएको छ । अमेरिकाको डलरको मोहबाट रोमाञ्चित बनेका नेपालीहरूले गाँस, बास कपासका लागि सङ्घर्ष गर्नुपरेको र अन्योलग्रस्त भविष्यबाट चिन्तित रहनुपरेको सत्यको उद्घाटन गरिएको छ । परदेशीय भएर बस्नु पर्दा रोमाञ्चभन्दा चिन्ता बढिरहेको अवस्थाका माध्यमबाट नेपालीहरूको अवस्थालाई देखाइएको छ । हरेक क्षण अतीतको मोहबाट आफ्ना जीवनका भय र पीडालाई बिर्सन चाहे पनि अतीत स्मरण गरी परिवार इष्टमित्रबाट विच्छेदित हुनुपर्दाको पीडा असह्य हुने र त्यसले एक्लो महसुस गराउने कुरा देखाइएको छ । अविकसित मुलुक नेपालबाट अमेरिका जस्तो विकसित मुलुकमा कामदारका रूपमा रहँदा नेपालीहरू आफ्नो संस्कृति पूर्णत : बिर्सन पनि सकेका छैनन् भने अमेरिकाली संस्कृति पूर्ण रूपमा आत्मसात् गर्न पनि सकिरहेका छैनन् । यस्तो अवस्थाको संस्कृति भञ्जनको पीडाबाट पीडित रहनुपरेको सन्दर्भ पनि उपन्यासमा आएको छ । यी विविध सन्दर्भले प्रस्तुत उपन्यास आप्रवासी वा डायस्पोरिक चेतना भएको सफल उपन्यास बन्न पुगेको छ ।

## सन्दर्भ सामग्रीसूची

अधिकारी, बालाकृष्ण (सन् २०२०, अगस्ट १२), डायस्पोरा : नेपाली साहित्यमा अनुकूलनका समस्या, https://www.samakalinsahitya.com/sahitya/details/6926.

अधिकारी, लक्ष्मीशरण (२०७४), डायस्पोरा विमर्श, पोखरा : विमला कोइराला ।

ओझा, रामनाथ (२०६६), डायस्पोरिक उपन्यास यमपुरीको महलको विश्लेषण, *पृथ्वीदर्पण,* **१**(१) पृ. १-९ ।

एटम, नेत्र (२०६७), नेपाली डायस्पोरा र अन्य समालोचना, काठमाडौँ : एकता बुक्स ।

एटम, नेत्र. (२०७०), नेपाली डायस्पोराका नारी कथाकार र कथा, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

कट्टेल, गङ्गाधर (२०६८). डायस्पोरा साहित्य सम्बन्धी दुईचार कुरा. *प्राज्ञिक,* (२) पृ. ९-१२ ।

गौतम, कृष्ण (२०६४). उत्तरआधुनिक जिज्ञासा, काठमाडौँ : भृकुटी एकेडेमी पब्लिकेसन ।

गौतम, लक्ष्मणप्रसाद (२०६६), नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना, काठमाडौँ : ओरिएन्टल पब्लिकेसन हाउस प्रा.लि. ।

न्यौपाने, श्रीधर (२०६९), डायास्पोरिक लेखनका कोणबाट यमपुरीको महल र मोटेल अमेरिका उपन्यासको तुलनात्मक अध्ययन, अप्रकाशित लघुअनुसन्धान, पोखरा : अनुसन्धान समिति पृथ्वीनारायण क्याम्पस ।

न्यौपाने, श्रीधर (सन् २०२१), सुवेदीको यमपुरीको महल र राजवको मोटेल अमेरिकामा नेपाली डायस्पोराका समस्या, *पृथ्वी जर्नल अफ रिसर्च एन्ड इनोभेसन,* **३**(१) पृ.७१-८२. https://doi.org/10.3126/pjri.v3i1.37436

पौडेल, विष्णुप्रसाद (२०६८), समकालीन नेपाली युवा पुस्ताको पीडा : *मोटेल अमेरिका,* भानुप्रवाह पृ.४१-४५ ।

भट्टराई, गोविन्दराज (२०६४ ख), नेपाली डायस्पोरिक साहित्यको प्रथम उपन्यास यमपुरीको महल, यमपुरीको महल, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, पृ.ड-झ ।

भट्टराई, गोविन्दराज (२०६८), डायस्पोरा साहित्यको सैद्धान्तिक स्वरूप, (सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम), रत्न बृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड), काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भट्टराई, होमनाथ (२०६४ क), उत्तरआधुनिक विमर्श, काठमाडौँ : मोर्डन बुक्स ।

राजव (२०६७),*मोटेल अमेरिका,* ललितपुर : साझा प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (सन् २०१५, अक्टोबर १२), डायस्पोरा र नेपाली साहित्यको विश्वव्यापीकरण, https://www.samakalinsahitya.com/sahitya/details/5257.

लुइटेल, खगेन्द्रप्रसाद (२०७८, चैत्र ६), डायस्पोराको प्रारम्भिक र वर्तमान अर्थ, https://www.brtnepal.com/2022/03/20/163700.html.

सुवेदी, दीपक (२०७८, वैशाख २२), डायस्पोरा र परदेशी साहित्यको सीमाङ्कन, https://sahityapost.com/gair-aakhyan/gair-aakhyan-bahas/35227.

Butler, K. D. (2001). Defining diaspora: Refining discourse. Diaspora. *Diaspora : A Journal of Transnational Studies,* **10**(2): 189-219.

Bruneau, M. (2010). Diasporas, transnational spaces and communities. Diaspora and Transnationalism : Concepts. *In:* Rainer Baubock and Thomas Faist, (eds.) *Theories and Methods.* IMISCOE Research. Amstardem University Press. p. 35-49.